# प्रदेश राजपत्र

प्रदेश नं. ७, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) धनगढी, कैलाली, असोज २५ गते, २०७५ साल (अतिरिक्ताङ्क ९

## भाग १

### प्रदेश सरकार
### आन्तरिक मामिला तथा कानून मन्त्रालय
### सुदूरपश्चिम प्रदेश धनगढी कैलाली

नेपालको संविधानको धारा १७६ बमोजिमको सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७५ सालको ऐन नं. १६**

## प्रशासकीय कार्यविधि नियमित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

**प्रस्तावना:** प्रदेश सरकारको प्रशासकीय कार्यविधि नियमित गर्न, नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने नियमावली, गठन आदेश, कार्यविधि, निर्देशिका जस्ता कानूनी लिखत तयार गर्न आवश्यक भएकोले,

नेपालको संविधानको धारा १९७ वमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कानूनी लिखत" भन्नाले बोर्ड, आयोग, समिति, परिषद् वा यस्तै प्रकृतिका संस्था गठन तथा संचालनका लागि तर्जुमा गरिएको नियमावली, गठन आदेश, कार्यविधि, निर्देशिका समेतका लिखत सम्झनु पर्छ ।

(ख) "प्रदेश सरकार" भन्नाले सुदूरपश्चिम प्रदेशको प्रदेश मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्दछ ।

३. नियम बनाउने प्रदेश सरकारको अधिकारः (१) प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न सबै प्रशासकीय विषयका कार्यविधि तत्काल नियमित गर्नको निम्ति प्रदेश सरकारले आवश्यक नियमावली, गठन आदेश, कार्यविधि, निर्देशिका लगायतका कानूनी लिखत बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएका कानूनी लिखतहरु कानून सरह लागू हुनेछन ।

४. बचाउ : यो ऐन प्रारम्भ हुनु अघि प्रदेश सरकारले जारी गरेका गठन आदेश, नियमावली, कार्यविधि, निर्देशिका लगायतका कानूनी लिखत यसै ऐन बमोजिम जारी भएको मानिने छ ।

प्रमाणीकरण मिति : २०७५।०६।२५ गते

आज्ञाले,
**वीरेन्द्र बहादुर के.सी**
**प्रदेश सरकारको नि.सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.ह.द.नं. १६।२०६२।६३